# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं ३ नं प्रदेश, नेपाल

पत्र संख्या :- २०७६/०७७
चलानी नं. :- ४०६८

मिति :- २०७७/२/८

**विषय- निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।**

श्री वडा कार्यालय (सबै),
दक्षिणकाली नगरपालिका ।

प्रस्तुत विषयमा कोरोना भाईरस (COVID - 19) रोकथाम तथा नियन्त्रणका लागी मिति २०७७/२/८ गते नगर प्रमुखज्यूको अध्यक्षतामा बसेको नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण नगरस्तरिय समन्वय समितिको बैठकबाट संलग्न बमोजिमका निर्णयहरु भएको हुदाँ उक्त निर्णयहरु कार्यान्वयनार्थ प्रेषित गरिएको छ ।

दिपक कुमार के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:-**
श्री ईलाका प्रहरी कार्यालय, फर्पिङ, काठमाडौं । (आवश्यक कार्यार्थ)

निर्णयहरुः-

१. मिति २०७७/०२/०७ गते यस नगरपालिकाको आयोजनामा नगरपालिकाका स्वास्थ्यकर्मी, जनप्रतिनिधिहरु, कर्मचारीहरु, साविकको दक्षिणकाली क्षेत्र प्रबन्ध समितिमा कार्यरत कर्मचारीहरु, मनमोहन स्मृती सामुदायिक अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरुको कोरोना भाईरस (कोभिड - १९) **RDT** र **PCR** को परिक्षण गर्दा केही व्यक्तिहरुको **RDT** रिपोर्ट पोजेटिभ देखिएको हुदाँ अर्को निर्णय नभएसम्मका लागी नगरपालिका, वडा कार्यालय (सबै), वडा नं. ५ को शेषनारायण स्वास्थ्य चौकी र मनमोहन स्मृती सामुदायिक अस्पतालबाट हुने सेवा प्रवाह बन्द गर्ने ।

२. कोभिड - १९ का लागि केश अनुसन्धान तथा कन्टयाक्ट खोज पड्ताल टीम परिचालन अन्तरिम निर्देशिका, २०७७ को व्यवस्था अनुसार **Case Investigation and Contact Tracing Team (CICTT)** गठन गर्ने ।

३. दिनानुदिन बढ्दै गएको कोरोना भाईरस (कोभिड - १९) को महामारीबाट यस नगरपालिकामा समेत परेको प्रभावलाई मध्यनजर गर्दै यस नगरपालिकामा समेत क्वारेन्टाईनको आवश्यकता देखिएको हुदाँ यस नगरपालिकाको वडा नं. ५ मा रहेको त्रिभुवन आदर्श मा.वि. लाई केन्द्रिय क्वारेन्टाईनको रुपमा स्थापना गर्ने र हाल यस नगरपालिकाको वडा नं. १ मा रहेको चाल्नाखेल प्राथमिक स्वास्थ्य केन्द्रमा स्थापना गरिएको क्वारेन्टाईनलाई थप व्यवस्थित गर्ने ।

४. विद्यमान अवस्थामा यस नगरपालिकाबाट निकासी हुने फोहोरमैला नुवाकोट स्थित सिसडोलमा व्यवस्थापन गर्दै आईरहेकोमा सो स्थानसम्म फोहोरमैला निकासी गर्न समस्या भएको हुदाँ यस नगरपालिकाका प्रत्येक घरपरिवारले आफ्नो घरमा उत्पादन हुने फोहोरमैलालाई आफ्नै घरमा व्यवस्थापन गर्ने र गाँउ टोलबाट निस्कने फोहोरमैलालाई वडा कार्यालयहरुले आफ्नै स्थानमा व्यवस्थापन गर्ने ।

५. विद्यमान अवस्थालाई मध्यनजर गर्दै कोरोना भाईरस (कोभिड - १९) को रोकथाम तथा नियन्त्रणका सामग्री एवं राहतका लागी आवश्यक हुने खाद्यान्न तत्काल खरिद गर्नु पर्ने भएमा नगर प्रमुखको निर्णयद्वारा खरिद गरि कार्यपालिकाबाट अनुमोदन गराउन सिफारिस गर्ने ।

६. विकास निर्माण आयोजनाका लागी निर्माण सामग्री ढुवानी गर्ने सवारीसाधनहरु यस नगरपालिकाले तोकिएको समयमा नगर क्षेत्र भित्र सञ्चालन गर्नु परेमा नगरपालिकाले अनुमति पत्र जारी गर्ने ।

७. काठमाडौं उपत्यकामा दिनानुदिन बढ्दै गईरहेको कोरोना भाईरस (कोभिड - १९) रोकथाम तथा नियन्त्रणको लागी काठमाडौं उपत्यका प्रवेश गर्ने एक प्रमुख नाकाको रुपमा रहेको यस नगरपालिका प्रवेश गर्ने सबै नाकाहरु अत्यावश्यक प्रयोजनमा बाहेक पूर्णरुपमा सील गर्ने । लुकीछिपी हुने प्रवेश समेत पूर्ण रुपमा रोक लगाउन गृह मन्त्रालयको च.नं.३८८०, मिति २०७७/२/७ को पत्रबाट लेखी आएको हुदाँ सम्बन्धीत वडा कार्यालयहरुले ईलाका प्रहरी कार्यालयको समन्वयमा सोही बमोजिम गर्ने ।

मोहन बस्नेत
नगर प्रमुख